नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

## प्रेस विज्ञप्ति

मिति २०८० कार्तिक १७ गते राति जाजरकोट जिल्लाको बारेकोट केन्द्रबिन्दु भई गएको भूकम्पबाट हालसम्म १५३ जनाको मृत्यु भएको छ। यस पूर्व सो घटनाबाट मृत्यु भएको संख्या १५७ उल्लेख भएकोमा ४ जनाको दोहोरो विवरण परेकोले सो संख्या हटाइएको छ। सो घटनामा घाइते भएका ३७५ जनामध्ये रुकुम पश्चिममा ५, जाजरकोटमा ३, बाँकेमा ४२, सुर्खेतमा १७ र काठमाडौंमा ९ गरी कुल ७६ जना अस्पतालमा उपचाररत छन् भने बाँकी २९९ जना घाइतेहरु उपचारपश्चात स्वास्थ्यलाभ गरी घर फर्किसकेका छन्। आज अपराह्न ४:३१ मा जाजरकोट जिल्लाको रामीडाँडाँ केन्द्रबिन्दु भई गएको ५.८ रेक्टर स्केलको पराकम्पनबाट रुकुम पश्चिममा ११ र जाजरकोटमा २ जना घाइते भएको प्रारम्भिक विवरण प्राप्त भएको छ। क्षतिको विवरण सङ्कलनको लागि क्षति मूल्याङ्कन टोली गाउँगाउँमा खटाइएको हुनाले क्षतिको यकिन विवरण प्राप्त हुने क्रम जारी छ। हाल स्थानीय जनप्रतिनिधि तथा सुरक्षा निकायबाट सङ्कलन भएको प्रारम्भिक तथ्याङ्कका आधारमा राहत सामाग्री वितरण भइरहेको छ। क्षतिको विस्तृत विवरण प्राप्त हुने क्रममा रहेकोले थप विवरण पछि प्रकाशन गरिनेछ।

हालसम्म राहत कार्यमा गृह मन्त्रालयको नेतृत्वमा विभिन्न संघसंस्थाबाट जाजरकोट जिल्लामा ब्ल्याङ्केट ३,६५५ थान, कपडा १,५०० थान, डसना ३५ थान, सिरक ५४ थान, तन्ना ४२० थान, बेबी प्याक १०० वटा, होम टेण्ट ४७ थान, त्रिपाल ३,४०९ थान, म्याट्रेस ५३६ थान, स्लिपिङ ब्याग ६२ थान, पि.फम ५० रोल, बाल्टिन ६६७ थान, सोलार १५३ थान, पानी शुद्धीकरणका लागि पीयुष २७४ वटा, घुम्ती शौचालय ५० वटा, हाइजिन किट २८४ थान र चामल ३०,५५० के.जी., दाल ७९९ के.जी., खाने तेल २६२ कार्टुन, चिउरा १०२ बोरा लगायतका विभिन्न प्रकारका सामाग्रीहरु वितरण भइसकेको छ। त्यसैगरी रुकुम पश्चिम जिल्लामा टेण्ट १० थान, त्रिपाल १,००७ थान, म्याट ६०० थान, कम्बल १,००० थान, कपडा १५० थान, पि.फम २२ रोल, बाल्टिन २६७ थान, तन्ना २०० थान, ब्ल्याङ्केट ३०० थान, चामल ६,४०० के.जी., दाल १,१४० के.जी., तेल ३४० लिटर र पानी शुद्धीकरणका लागि पीयुष २६७ थान लगायतका विभिन्न प्रकारका सामाग्रीहरु वितरण भइसकेको छ।

हालसम्म त्रिपाल ८,३२० थान, स्लिपिंङ ब्याग १,३४५ थान, टेण्ट ३५० थान, ब्ल्याङ्केट ९० थान लगायतका गैरखाद्य सामाग्री जिल्लामा पठाइसकिएको छ। विभिन्न संघसंस्थाबाट प्राप्त सहयोग समेत गरी हालसम्म यी दुई जिल्लामा पठाइएका गैरखाद्य सामाग्री त्रिपाल १२,६८४ थान, टेण्ट ८४९ थान, ब्ल्याङ्केट ७,६८५ थान, स्लिपिंङ ब्याग ३,२१२ थान, म्याट्रेस २,४१५ थान, पि.फम ७२ रोल लगायतका सामाग्री पठाइएको छ। यसैगरी राहत वितरणका लागि मित्रराष्ट्र भारतबाट त्रिपाल ६२५ थान, स्लिपिंङ ब्याग २,११२ थान, ब्ल्याङ्केट २,२३० थान र टेण्ट १४९ थान प्राप्त भई पठाइसकिएको छ। यसैगरी, माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्रीज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णयानुसार ५/५ करोड रुपैयाँ जिल्ला विपद् व्यवस्थापन कोषमा निकासा भइसकेको छ।

राहत वितरणका लागि कर्णाली प्रदेश सरकार, काठमाडौं महानगरपालिका, शान्ति नेपाल, द्वारिकाज फाउन्डेशन, मारवाडी सेवा समिति, प्रदेश उद्योग वाणिज्य संघ कर्णाली प्रदेश, नेपाल रेडक्रस सोसाइटी, युनिसेफ, विश्व खाद्य कार्यक्रम, जिल्ला प्रशासन कार्यालय, रुपन्देही, दाङ र बाँकेको संयोजनमा विभिन्न स्थानीय तहलगायतका विभिन्न दाताहरुबाट प्राप्त खाद्य तथा गैरखाद्य सामाग्री उल्लिखित दुई जिल्लामा पठाइएको छ। साथै विभिन्न संघसंस्थाहरुबाट सहयोग प्राप्त हुने क्रम जारी छ। सबै सहयोगी दाताहरुलाई गृह मन्त्रालय हार्दिक धन्यवाद व्यक्त गर्दछ।

राहत वितरणका लागि कुनै व्यक्ति वा संस्थाले रकम तथा सामान सङ्कलन गर्न नपाइने जानकारी गराइनुका साथै स्वस्फूर्त रुपमा दाताहरुबाट प्राप्त सहयोग स्वीकार गरी प्राप्त राहतलाई एकद्वार प्रणाली अपनाई वितरण गर्ने नीति पालनामा सहयोगका लागि सबैप्रति आभार व्यक्त गर्दै भविष्यमा समेत यसको निरन्तरताको अपेक्षा गरिएको छ।

मितिः २०८० कार्तिक २०

नारायण प्रसाद भट्टराई
सहसचिव/प्रवक्ता